दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३८ | अंक १० | बुटवल | २०८२ पौष २० गते, आइतबार | नेपाल संवत ११४६ | Sunday January 04, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## विशेष महाधिवेशन नगर्ने अधिकार कसैलाई छैन : कानुनविद्

बुटवल । कानुनविद्हरूले आफूलाई निर्वाचित गर्ने महाधिवेशन प्रतिनिधिको बहुमतले मागेको विशेष महाधिवेशनको औचित्य समाप्त गर्ने अधिकार नेपाली कांग्रेसमा कसैलाई नभएको बताएका छन् ।

कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले शनिबार परामर्शका लागि डाकेको छलफलमा कानुनविद्हरूले महाधिवेशन प्रतिनिधिको बहुमतले मागेको विशेष महाधिवेशनको औचित्य समाप्त गर्ने अधिकार कसैलाई नभएको बताएका हुन् ।

छलफलमा सहभागी कानुनविद्हरूले विधानबमोजिम बाध्यकारी रहेको विशेष महाधिवेशन नबोलाउनु विधानको उल्लंघन भएको जिकिर गर्दै केन्द्रले प्राप्त जिम्मेवारीबमोजिम काम नगर्नु विधान र राजनीतिक दलसम्बन्धी कानुनविपरीत भएको बताए ।

'यसो नगरेमा संविधान र प्रचलित कानुन नमानेको ठहर्छ र त्यस अनुसार सजाय भोग्न तयार रहनुपर्छ,' कानुनविद्हरू भने-'आफूलाई निर्वाचित गर्ने महाधिवेशन प्रतिनिधिको बहुमतले मागेको विशेष महाधिवेशनको औचित्य समाप्त गर्ने अधिकार कसैलाई छैन ।'

विधानको धारा १७(२) आफैंमा केन्द्रीय महाधिवेशनको कार्यविधि भएको र निवेदनकर्ताले खुलाएको कारण र एजेन्डा नै विशेष महाधिवेशनका एजेन्डा हुने उनीहरूको तर्क थियो । थप कार्यविधि र एजेन्डा आवश्यक परे स्वयं विशेष महाधिवेशन आफैंले नै तय गर्ने उनीहरूको राय थियो ।

विधानबमोजिम बहुमत महाधिवेशन प्रतिनिधिले माग गरेपछि केन्द्रले विशेष महाधिवेशन बोलाउनै पर्नेमा कानुनविद्हरू एकमत देखिएका थिए । विधानले 'केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले भनेको' केन्द्रले आवश्यक नठाने पनि महाधिवेशन प्रतिनिधिले स्वयंले विशेष महाधिवेशन बोलाउन सक्ने उनीहरूको तर्क छ ।

कानुनविद्हरूका अनुसार त्यो महाधिवेशनको ५१ प्रतिशतले गरेको निर्णय वैधानिक हुन्छ । दोस्रो अवस्थामा विशेष महाधिवेशनमा सहभागी हुने-नहुने महामन्त्रीलगायत केन्द्रका पदाधिकारीको राजनीतिक निर्णय भएको उनीहरूको सुझाव थियो ।

## देश निर्वाचनतर्फ केन्द्रित : प्रचण्ड

बुटवल । नेपाली कम्युनिष्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देश निर्वाचनतर्फ केन्द्रित भएको बताएका छन् ।

प्रेस सेन्टरले शनिबार खाँदबारीमा आयोजना गरेको पत्रकार भेटघाटमा संयोजक दाहालले देश निर्वाचनतर्फ केन्द्रित भइसकेका कारण अहिलेकै सरकारले निर्वाचन गराउने बताए ।

निर्वाचनका लागि दलले समानुपातिकतर्फको बन्दसूची निर्वाचन आयोगमा बुझाइसकेको अवस्थामा देश अब चुनावतर्फ होमिएको उनको भनाइ थियो । जेनजी युवापुस्ता निर्वाचनका पक्षमा रहेकाले कुनै शङ्का गरिरहनुपर्ने अवस्था नभएको भन्दै दाहालले अब देशमा सर्वपक्षीय तथा सर्वदलीय सरकार बन्ने सम्भावना नरहेको र अर्को सरकार पुनर्गठन नहुने दाबी पनि गरे । काठमाडौं फर्किनुअघि पत्रकारसँग कुरा गर्दै संयोजक दाहालले अहिलेकै सरकारले फागुन २१ गते नै प्रतिनिधिसभा निर्वाचन गराउन सक्षम रहेको बताए ।

'संविधानसभाबाट संविधान बनाउँदै गर्दा नै हामीले वाचा गरेका थियौं, १० वर्षपछि संविधानको समीक्षा गरी संविधानमा भएका सकारात्मक र नकारात्मकका आधारमा संविधान संशोधन र परिमार्जन गर्नेछौं ।'-उनले भने । जेनजी आन्दोलनको मर्मभावनाअनुसार अहिलेका राजनीतिक दलहरुले नयाँ जनादेशमा जानुपर्ने आवश्यकता भएको उनको भनाइ छ ।

निर्वाचनको प्रक्रिया सुरु भइसकेको संसद् पुनःस्थापना नहुने र अहिले भएकै सरकारले निर्वाचन सम्पन्न गराउनुपर्ने धारणा उनले व्यक्त गरे ।

प्रतिनिधिसभा सदस्य निर्वाचन :

# रूपन्देहीमा पौने ७ लाख मतदाता

**जिल्लामा एक मतदान स्थल, ३० मतदान केन्द्र थप, ३३ हजार ५ सय ७१ मतदाता थपिएका छन् ।**



**मोहम्मद हबिब**
*भैरहवा*

आगामी फागुन २१ गते तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रूपन्देहीबाट ६ लाख ७२ हजार ५ सय २३ जनालाई मताधिकार छ । जिल्ला निर्वाचन कार्यालय रूपन्देहीले प्रतिनिधिसभा निर्वाचन-२०८२ का लागि सार्वजनिक गरेको अन्तिम मतदाता नामावली तथ्याङ्कअनुसार ३ लाख ४६ हजार २ सय ३ जना पुरुष, ३ लाख ३६ हजार ३ सय ११ जना महिला र ९ जना अन्य रहेको जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ ।

५ निर्वाचन क्षेत्र रहेको रुपन्देहीमा अगामी निर्वाचनका लागि २०८२ फागुन २० गते सम्म १८ वर्ष उमेर पूरा भएका नागरिकले मात्र मतदानमा भाग लिन पाउने प्रावधान छ, मतदाता नामावली दर्ता नागरिकताको आधारमा भए पनि मताधिकारका लागि १८ वर्ष पूरा भएको हुनुपर्ने हुन्छ ।

कार्यालयका सूचना अधिकारी कल्पना शर्माका अनुसार निर्वाचन क्षेत्र नम्बर १ बाट १ लाख ४६ हजार ८ सय २४ जना, क्षेत्र नम्बर २ बाट १ लाख ३५ हजार ५० जना, क्षेत्र नम्बर ३ बाट १ लाख ४० हजार ३५ जना, क्षेत्र नम्बर ४ बाट १ लाख १६ हजार १ सय ७२ जना र क्षेत्र नम्बर ५ बाट १ लाख ३४ हजार ४ सय ४२ जना आगामी मतदानमा सहभागी हुन पाउने छन् । शर्माका अनुसार ७ सय ८० जनाको नामा हटाइएको छ । ५ सय ७८ जनाको तथ्याङ्क दोहोरो भएकोले र २ सय २ जनाको मतदाता नामावली मृत्युदर्ता वा पञ्जीकरणको आधारमा हटाइएको हो ।

रुपन्देहीमा २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा जिल्लामा ५ लाख ३७ हजार १ सय २१ मतदाता रहेका थिए । यस्तै २०७९ सालको निर्वाचनमा मतदाता संख्या बढेर ६ लाख ३८ हजार ९ सय ५२ जना पुगेको थियो । अघिल्लो प्रतिनिधिसभा निर्वाचनभन्दा अहिले ३३ हजार ५ सय ७१ मतदाता थपिएको छ ।

यस वर्ष असोज १० गतेदेखि सुरु भएको मतदाता नामावली दर्ता तथा अद्यावधिक मंसिर ५ गतेसम्म भएकोमा नयाँ मतदाता नामावली दर्ताका लागि २९ हजार ८ सय ४२ जनाले आवेदन दिएका थिए । जिल्ला निर्वाचन कार्यालय रुपन्देहीका प्रमुख जिल्ला निर्वाचन अधिकारी कल्पना अर्यालका अनुसार कार्यालयमा आएर फोटो तथा औँठाछापसहितको जैविक विवरण (बायोमेट्रिक्स) मार्फत् १२ हजार २ सय ८ जना र राष्ट्रिय परिचयपत्रमार्फत् १७ हजार एक ६ सय ३४ जनाले नयाँ मतदाताका लागि नाम दर्ता गराएका थिए । कार्यालयमा आइ दर्ता गरेका मध्ये १० हजार ३ सय २२ जना मात्रै यस जिल्लाका रहेको र १ हजार ८ सय ८६ जना बाहिरी जिल्लाका मतदाताले नामदर्ताको आवेदन दिएको जानकारी दिइन ।

निर्वाचन तालिकाअनुसार मङ्सिर १ देखि १० गतेसम्म राजनीतिक दलहरु दर्ता हुनेछन् । माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ र माघ ६ गते उम्मेदवारको मनोनयन पत्र दर्ता र सूची प्रकाशन, ७ गते दाबी विरोध, ८ गते नामावली प्रकाशन, ९ गते उम्मेदवारी फिर्ता, अन्तिम नामावली प्रकाशन र चुनाव चिन्ह प्रदान, फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसारको समय तोकिएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रुपन्देहीका ५ निर्वाचन क्षेत्रमा २ सय ९ वटा मतदान स्थल र ७ सय ३२ मतदान केन्द्र तय भएको छ । यस अघि दुई सय आठवटा मतदान स्थल रहेकोमा १ वटा थप भएको छ भने ७ सय २ मतदान केन्द्र रहेकोमा मतदाता बढेसँगै ३० वटा केन्द्र थपिएको हो । रुपन्देहीको बुटवल उप-हमानगरपालिका ११ मा मतदान केन्द्र थप्न आयोगमा सिफारिस गरिएकोमा निर्णय भई थपिएको कार्यालयले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिको बैठकले सिफारिस गरेको थियो । ठूलो वडा रहेकोले केन्द्र थप्न आवश्यक रहेकाले सोही बमोजिम आयोगमा प्रस्ताव पठाइएको थपिएको छ ।

मतदाताको संख्या बढेकोले यस वर्ष मतदान स्थलहरु ३० वटा थपिएको जिल्ला निर्वाचन कार्यालय रुपन्देहीका प्रमुख अर्यालले जानकारी दिइन् । सरदरमा १ हजार ६४ मतदाताको लागि १ वटा मतदान केन्द्र तोकिएको छ । एउटा मतदान स्थलमा १६ वटासम्म मतदान केन्द्र रुपन्देहीमा कायम गरिएको छ ।

२०७९ सालमा १ लाख ३९ हजार ५ सय ६० मतदाता रहेको रुपन्देहीको क्षेत्र नम्बर १ मा ६८ दशमलव ७८ प्रतिशत मतदान भएको थियो । त्यस्तै १ लाख २६ हजार ८ सय ७ मतदाता रहेको क्षेत्र नम्बर २ मा ६३ दशमलव ९८ प्रतिशत , १ लाख ३२ हजार ७ सय ९१ मतदाता रहेको क्षेत्र नम्बर ३ मा ७० दशमलव ४६ अर्थात् ९३ हजार ५ सय ६७ जनाले मत दिएका छन्, १ लाख १० हजार ६ सय ५९ मतदाता रहेको क्षेत्र नम्बर ४ मा ६९ दशमलव ६४ र १ लाख २९ हजार १ सय ३५ मतदाता क्षेत्र नम्बर ५ मा ६६ दशमलव ३७ प्रतिशत मतदान भएको थियो ।

# बुटवल आर्थिक राजधानी बन्ने निर्णय कार्यान्वयन खोई ?

**अर्थतन्त्र सीमित ठूला व्यवसायीको 'होल्ड'मा हुँदा साना र मझौला व्यवसायी संकटमा परेको व्यवसायीहरूले गुनासो गरेका छन् ।**



बुटवल । नेपालको अर्थतन्त्रको ठूलो हिस्सा सीमित ठूला व्यवसायिक घरानाको 'होल्ड' (कब्जा) मा रहँदा देशभरका साना तथा मझौला व्यवसायी माथि उठ्न नसकेको व्यवसायीहरुले औंल्याएका छन् ।

उद्योग व्यापार संघ बुटवलको सातौं वार्षिक साधारणसभामा रुपन्देहीका अगुवा व्यवसायीहरुले विभिन्न आन्दोलनले राजनीतिक व्यवस्था परिवर्तन भए पनि अर्थतन्त्रमा परिवर्तन आउन नसकेकाले अब समतामूलक र समाजवादी अर्थतन्त्र व्यवस्था निर्माणमा सरकार र दलहरुको ध्यानाकर्षण गराएका छन् ।

नेपाल उद्योग व्यापार महासंघका केन्द्रीय महासचिव खिमनारायण पराजुलीले नेपालको कूल बैंकिङ कर्जाको ६० देखि ७० प्रतिशत हिस्सा करिब सयजना ठूला व्यवसायिक घरानामा लगानी हुने गरेको र १८ लाख बढी व्यवसायीमा ३० देखि ४० प्रतिशत मात्र कर्जा लगानी हुने गरेको बताए । कर्जा लगानीको यस्तो परिपाटीले साना तथा मझौला व्यवसायी फस्टाउन र माथि उठ्न नसकेको उनले औंल्याए ।

'सीमित ठूला व्यवसायिक घरानाले बैंकबाट दुई तिहाई हिस्सा कर्जा उपभोग गरेको छ, बाँकी १८ देखि १९ लाख उद्योगी व्यवसायीले जम्मा ३० देखि ४० प्रतिशत मात्र कर्जा लिने गरेको तथ्यांक छ,' पराजुलीले भने-'कर्जा लगानीको यो अस्वभाविक असन्तुलन नतोडेसम्म लाखौं साना र मझौला व्यवसायी फस्टाउन सक्दैनन्, अनि समाजवाद उन्मुख अर्थतन्त्र पनि निर्माण गर्न सकिन्न ।'

महासचिव पराजुलीले सरकारको कर र भन्सार नीति पनि साना तथा मझौला व्यवसायीमैत्री नभई ठूला घरानामैत्री भएको गुनासो गरे । स्वदेशमा उत्पादन र खपत हुने सबै वस्तुको यकिन तथ्यांक लिएर अपुग भए मात्र त्यस्ता वस्तु आयात गर्न दिइनुपर्ने र स्वदेशमा उत्पादन हुने वस्तु विदेशबाट आयात गर्दा महँगो भन्सार लगाउनुपर्ने पराजुलीले सरकारलाई सुझाए । 'सरकारले तथ्यांक विश्लेषण गरेर आयात नीति बनाउन अपरिहार्य छ अन्यथा स्वदेशी साना तथा मझौला उद्योगी व्यवसायी र किसान कहिल्यै फस्टाउन र माथि उठ्न सक्दैनन् ।'-उनले भने ।

संविधानले नै स्पष्ट उल्लेख गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा सरकार र राजनीतिक दलहरुले ध्यान नदिएको महासचिव पराजुलीले गुनासो गरे ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले समग्र निजी क्षेत्र फस्टाए मात्र देशको आर्थिक समृद्धि सम्भव हुने बताए । प्रदेश सरकारहरुको बजेट विकास निर्माणमा भन्दा आलिशान प्रशासनिक भवन निर्माण, महँगा गाडी खरिद, सांसद र मन्त्रीको सेवा सुविधामा बढी मात्रामा खर्च हुने गरेकाले नागरिकमा वितृष्णा फैलिएको भन्दै पाण्डेयले दल र नेताहरु सुध्रिन जरुरी रहेको बताए ।

प्रदेशको स्थायी राजधानी दाङ कायम गर्दा बुटवललाई आर्थिक राजधानी बनाउने निर्णय भए पनि यसमा कत्तिपनि बजेट नदिइएको र कुनै काम नभएको भन्दै उनले प्रदेश सरकारको ध्यानाकर्षण गराए । प्रदेशसभाले निर्णय गरेअनुसार बुटवललाई आर्थिक राजधानी बनाउन दाउन्नेदेखि चन्द्रौटासम्मलाई समेटेर मेगासिटी बनाउनुपर्ने पाण्डेयले सुझाए ।

कार्यक्रममा उद्योग व्यापार संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डेले संघले व्यवसायीका हक हितसँगै स्थानीय सरकारसँग सहकार्य गरेर विभिन्न सामाजिक काम पनि गर्दै आएको बताए ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## कांग्रेस अन्तरविरोधमा अल्मलिनु हुन्न

नेपाली कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले १५औं महाधिवेशन बैशाख २८–३१ मा गर्ने प्रस्ताव पारित गरेको छ । कार्यसम्पादन समितिको बहुमतले गरेको निर्णयलाई महामन्त्री द्वय गगन थापा र विश्वप्रकाश शर्मासहित पाँच जनाले असहमति जनाएका छन् । महमन्त्री थापासहितको असन्तुष्ट समूहले पुषभित्रै विशेष महाधिवेशन गर्ने बताएको छ। मुलुक चुनावमा होमिएको बेला महाधिवेशन गर्नु पार्टी र मुलुककै लागि राम्रो नहुने भन्दै संस्थापनले चुनावपछिको तालिका सार्वजनिक गरेको हो । चुनावपछि महाधिवेशन गर्ने संस्थापनको जोडबललाई विशेष महाधिवेशन गरी चुनौती दिने महामन्त्री द्वयको अडानले कांग्रेसभित्रको अन्तरसंघर्ष पेचिलो बनेको छ।

कांग्रेस पुरानो लोकतान्त्रिक पार्टी हो। लामो लोकतान्त्रिक अभ्यास गर्दै आएको पार्टी भए पनि आन्तरिक राजनीति दाउपेचमै चल्दै आएको छ । स्वच्छ र शालिन लोकतान्त्रिक अभ्यासको अपेक्षा राख्नेहरुका लागि कांग्रेसभित्रको राजनीति पेचिलो बन्नु स्वभाविक छैन । जेनजी आन्दोलनपछि नेतृत्व परिवर्तन हुनुपर्ने भन्दै दबाब बढाएका महामन्त्री गगन थापासहितको समूहले विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान चलायो । बहुमत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर गरे । तर कांग्रेसमा महाधिवेशन विशेष कि नियमित भन्ने प्रश्नको निर्णय गर्नकै लागि एक महिनाभन्दा लामो केन्द्रीय समितिको बैठक बस्यो । अन्ततः नियमित महाधिवेशन गर्ने र चुनावअघि नै गर्ने निर्णय भयो, तर चुनावअघि महाधिवेशन गर्ने अवस्था देखिएन् । अन्ततः चुनावपछि महाधिवेशन गर्ने तयारी हुँदैछ। उपचारका लागि सिंगापुर पुगेका सभापति शेरबहादुर देउवा कार्तिक अन्तिम साता स्वदेश फर्केपछि अनिर्णित कांग्रेस निष्कर्षमा त पुग्यो, तर त्यो निष्कर्षले विवादको समाधान दिएन् । अहिले महाधिवेशन चुनाव अघि कि पछि भन्ने विवाद बल्झेको छ । कांग्रेसको विवाद खासमा चुनावमा टिकट वितरणमा कसको पल्लाभारी हुने भन्ने विषय प्रधान हो । यही अवस्थामा संस्थापन पक्षले नै देशभर बर्चश्व कायम गर्ने भयले नेतृत्व परिर्वतनका लागि इतर पक्ष हतारमा देखिएको छ । पार्टी सभापति देउवा अब सभापति नहुने प्रष्टसँग बताइसकेकाले उनको सम्मानजनक बर्हिगमनका लागि पार्टी पंक्ति तयार रहनु राम्रो हो । त्यसो भएन भने सहमतिमै विशेष महाधिवेशनका लागि कांग्रेस तयार हुनुपर्छ । मुलुक र लोकतन्त्रलाई संकट परेका बेला कांग्रेस झगडामा फस्दा त्यसको मूल्य मुलुकले चुकाउनुपर्नेछ।

दलहरुबिचको सहकार्य अपरिहार्य भएका बेला दलभित्रको एकता र सहकार्य पनि उत्तिकै आवश्यक छ । कांग्रेस सभापति देउवाले अहिले एमाले र नेकपासहितका दललाई सँगै लिएर हिड्ने योजना बनाएका छन् । राष्ट्रिय सभाको आगामी चुनावमा सहकार्यको सुरुवात गरी आगामी चुनावसम्मै लैजाने योजना बुनेका देउवाले पार्टीभित्रको एकता कायम गर्न सक्दा मात्रै दलीय सहकार्य र एकतालाई कार्यान्वयन गर्न सक्छन् ।

# घोटाला, ठगी र भ्रष्टाचारका फेहरिस्त !



**एच.के. श्रेष्ठ**

*कति काण्ड तथा घोटालालाई यस्ता संस्थाले निगरानी तथा अध्ययनको घेरामा समेत पारेका छैनन् । राजनीतिक अस्थिरतासँगै अझ कति घोटलाहरु बढ्दै जाने निश्चित छ । पछिल्लो दशकमा काँग्रेस, एमाले र माओवादी केन्द्र आलो पालो र काले काले मिलेर खाम भालेको तरीकाले सत्ता चलाउँदा पनि काण्ड र भ्रष्टाचारका उत्तिकै घटनाहरु भोगाउनु लोकतन्त्रमाथिको ठुलो प्रश्न हो । भ्रष्टाचारका मुद्दाहरुमा काँग्रेस, एमाले, माओवादीका नेताहरु जेलमा सड्न पर्ने कुबुद्धिमा लाग्नु आफैँमा ती दलप्रति ब्याँग्य हो ।*

ठगी, घोटला र भ्रष्टाचार कुनै पनि कुकृत्यहरु सुन्दर खोलभित्र हुर्किएको हुन्छ । खेतबारीमा खास खेतीको लागि मल राख्दा त्यो खेतिसँगै त्यसको वरिपरि उम्रने झारपात समेत मलले फस्टाउँदो रहेछ । ठीक त्यहि ढंगले लोकतन्त्रले केही सकरात्मक पक्षसँगै घोटलालगायतका नकरात्मक पक्षहरु त्यतिकै फस्टाउने अवसर दिँदोरहेछ । सामान्यतः राज्यलाई लुटेर फाइदा लिने कामहरु जस्तो वन फँडानी, गलैंचा, सर्पको छाला निर्यात, एलसी काण्ड, सुन तस्करी तथा रक्त चन्दन तस्करी आदि घोटालामा पर्दछ । केही सीमित समूहको उद्देश्यअनुरुप भन्सार तथा कर नीतिमा परिवर्तनजस्तो काण्ड घोटलाअन्तर्गत पर्दछन् । अहिलेसम्मकै चर्चित काण्ड सुडान मिसनको बन्दोबस्ती खरिद व्यवस्थापन, लाउडा काण्ड, वाइड बडि, भुटानी शरणार्थी आदि भने भ्रष्टाचार र घोटाला दुवैमा पर्दछन् । यो अहिलेसम्मकै ठूलो आकारको भ्रष्टाचारअन्तर्गत पर्दछ ।

ठगी भन्नाले सामान्यतः जिम्मेवारीमा नरहेको व्यक्तिले मौका तथा परिस्थितिको फाइदा लिई आफ्नो उद्देश्य तथा स्वार्थ पूरा गर्दछन्। नेपालमा भएका बैंकिङका ठगी सेयर मार्केट, कृषि विकास बैंक, एचएन्डबी विकास बैंकका काण्ड, चेज एयर काण्ड, अहिलेको नेपाल आयल निगमलाई नै बेच्नु, सस्तो र छुटको सामान महँगोमा बेच्नुलाई लिन सकिन्छ। यसअन्तर्गत फाइदा कमाउनेले दोस्रोलाई प्रयोग गरी बदनाम गराउने कामसमेत गर्दछ।

विगत चर्चामा आएको आयल निगम र बिराट आयलको विषय खासमा ठगीअन्तर्गत पर्दथ्यो। भारतीय नाकाबन्दीको असाधारण अभावको फाइदा उठाई नेपाल आयल निगमका पदाधिकारीलाई फाइदा वा प्रलोभनमा पारेर आयल निगमकै रकममा आयल निगमलाई बेच्ने गरी बिनालगानी नाफा कमाउन खोज्नु एक प्रकारको ठगी नै हो।

नेपालको छोटो इतिहासमा धेरै आर्थिक काण्ड तथा घोटालाका दर्जनौं दृष्टान्त छन् । कति काण्डले त राजनीतिक रुप लिए । कति काण्डले नेपालको राजनीतिमै उथलपुथलसमेत ल्याएका छन् । बितेका प्रमुख आर्थिक घोटाला र काण्डमा गलैंचा, सर्पको छाला काण्ड, धमिजा काण्ड, रासायनिक मल, चेज एयर, लाउडा एयर, सुडान मिसनजस्ता काण्डहरुलाई प्रमुख रुपमा लिइएको पाइन्छ । राजनीतिमा अदृश्य चलखेल तिनको व्यवस्थापन र शीघ्र सम्पत्तिको जोडले गर्दा यिनै कुराको पूर्तिका खातिर सरल तरिकाले सम्पत्ति आर्जन तथा व्यवस्थापनको अभावमा घोटाला, काण्ड, ठगी तथा भ्रष्टाचारको विधि अपनाइएको पाइन्छ।

गलैंचा काण्डसँग पञ्चायतका महारथी पूर्वप्रधानमन्त्री तुलसी गिरी जोडिन्छन् । अभिलेख पल्टाउँदा त्यसबेला सन् ८० अधिको दशकको समयमा यो काण्डबाट मुलुकलाई करिब १७ लाख ५० हजार अमेरिकी डलर बराबरको घाटा भएको थियो । तत्कालीन क्याबिनेट मन्त्री भेषबहादुर थापा पनि यसमा अख्तियारद्वारा दोषी ठहरिएका थिए। गलैंचा निर्यातमा बढी मूल्य देखाएबापत निर्यातकर्ताले आयात गर्न पाउने लाइसेन्सको मूल्य तथा सुविधा बढी देखाउन पाइने हुनाले बढी आयातको कम भन्सार मूल्यबाट व्यापारीले फाइदा लिइका थिए।

त्यस्तै सर्पको छाला काण्ड तथा नेपालको हरियो वन काण्डमा पञ्चायतका अर्का महारथी तत्कालीन पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापासँग सम्बन्धित थियो । राजनीतिका चतुर खेलाडी र उच्च राजनीतिक हैसियत भएको हुनाले थापाले कुनै अभियोग खेपेको भने पाइएन।

पञ्चायत पछाडि बहुदलको आगमन र नेपाली कांग्रेसको पहिलो निर्वाचित सरकारको पालामा नेपाल वायुसेवा निगमका दुईवटा बोइङको बिक्री तथा युरोपको बिक्री एजेन्ट धमिजा नियुक्ति प्रकरण नेपाल र नेपाल वायुसेवा निगमको इतिहासमै कलंकका रुपमा रहेको छ। वायुसेवाले आफ्ना बोइङको बिक्रीपछि करिब ३५ वर्ष पछाडि मात्रै थप तीनवटा जहाज किन्न सकेको छ। बोइङ बिक्रीपछि नेपाल वायु सेवाले युरोप, चीन र जापानको व्यापार गुमाउन पुग्यो भने बाँकी एसिया तथा खाडी मुलुकको व्यापार पुरै ह्रास आयो।

यसैगरी, चेज एयर काण्ड र लाउडा काण्ड तीनै काण्डका दोस्रो अवतारका रुपमा लिइन्छ। चेज एयर नभएको कम्पनीको नाममा जहाज पलज भाडामा लिने सम्झौता गरी स्विफ्ट ट्रान्सफरबाट भएको ठगी र वायु सेवा निगमको पेस्की रकम घोटालासमेत दुवै पर्न आउँछन्। चेज एयर काण्डका कमान्डर तत्कालीन माले महासचिव मालेका संसदीय दलका नेता वामदेव गौतम थिए। त्यसबेलाका अधिकांश काण्डतर्फ नियाल्ने हो भने सत्तामा पुगेका र साझदारे चोर चोर मुसुरा साधु भनेजत्तिकै रहेका थिए । यो अभ्यास सत्तामा बस्नेका बिचमा भ्रष्टाचारको प्रतिस्पर्धाबाट निरन्तरता नै रहेको छ। बोइङ बिक्री, धमिजा र लाउडा प्रकरण नेपालको खुला अर्थतन्त्रमा कमिसन र भ्रष्टचारका उत्कृष्ट नमूनाका रुपमा रहेका छन्। धमिजा काण्डले करिब १ अर्ब रुपैयाँ नोक्सान भएको थियो । नेपाली कांग्रेसको संस्थागत भ्रष्टाचारको ऐतिहासिक रुपमा पहिलो शिलन्यास यसैबाट स्थापित भएको पाइन्छ। मनमोहन अधिकारीको सरकारका बेला चिनी काण्डका रुपमा तत्कालीन आपूर्तिमन्त्री सिपी मैनालीले केही योगदान दिएका थिए । सोही कारण उनलाई क्याबिनेटबाट समेत हटाइएको थियो। अभिलेखअनुसार यस विषयमा तत्कालीनमन्त्री मैनालीसँगै एमालेका वरिष्ठ मन्त्रीलाई पनि सार्वजनिक लेखा समितिले समेत छानबिन गरेको थियो।

त्यसपछि यो अभ्यासलाई लोकेन्द्रबहादुर चन्द सरकारका उप-प्रधान तथा गृहमन्त्री वामदेव गौतम र अर्थमन्त्री रविन्द्रनाथले विमानस्थल सुन तस्करी र पद्मसुन्दर लावतीले मल काण्डमार्फत् निरन्तरता दिन सफल रहे। यसैलाई एमाले फुटाएर मालेका महासचिव बनेका वामदेव गौतमलाई एमालेका नेताहरुले खुला मञ्चबाटै नेपालका नम्बर एक भ्रष्टाचारी भनेर घोषणा गरेका थिए। ०४८ देखि ०५९ सम्म निरन्तर सत्तामा रहने मन्त्री तथा पदाधिकारीकै आश्चर्यचकित सम्पत्तिको हैसियतका लागि छानबिन गर्न सर्वोच्चका वरिष्ठ न्यायाधीश लम्सालको अध्यक्षतामा सम्पत्ति छानबिन आयोग नै गठन भएको थियो । वर्षौं वर्ष पुग्दा पनि यसको प्रतिवेदन अझै सार्वजनिक गरिएको छैन। यद्यपि केही गन्यमान्य राजनीतिक व्यक्ति तथा पदाधिकारीका सम्पत्तिको स्रोत नसुलेको भनी अख्तियारले अदालतमा मुद्दा दायर गरी चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्का जेपी गुप्ता आदिको विषयमा रहेको मुद्दा प्रक्रियामा सर्वोच्चद्वारा दोषी तथा गैह्रकानुनी ठहराइ जेल तथा जरिवानासमेत निर्धारण गरेको थियो । यी अदालती निर्णय नेपालको इतिहासमा थोरबहुत भए पनि आशाका किरणका रुपमा स्थापित रहेका छन् ।

पार्टी सहयोगमा घोटालाहरु मौलाउने, संरक्षित र सुरक्षित हुने गर्दछन् । लाउडा काण्डले त नेपाली राजनीतिमा यस्तो ध्रुवीकरण गरायो, जसमा संसदको एउटा अधिवेशन प्रतिपक्ष एमालेलगायतका दलको निरन्तर अवरोधले गर्दा विनाकाम बितेको थियो। यस पछाडि कांग्रेस तथा संसदीय व्यवस्था नै संकटमा पुगे र ०५९ मा संसदको अल्पायुमै विघटन गरियो र नेपाली कांग्रेससमेत फुट्यो। चेज एयरले तत्कालीन महाप्रबन्धक हङकङ राना र लाउडा एयरले तत्कालीन महाप्रबन्धक हरिभक्त श्रेष्ठको निजी जीवनसमेत धराशयी बनाएको थियो।

यीसँगै नेपालको संसदीय अभ्यास पनि विश्व भूमण्डलीकरण र तिनका प्रमुख हिस्सेदारको अभ्यास र प्रभावबाट बढी दीक्षित हुने हुनाले मार्क्सले भनेझै पैसा, पाखुरा र षड्यन्त्र मनी, मसल र कन्स्पिरेसी ले मात्रै चल्न सक्ने हुनाले तीसँग राम्रो दक्खल राख्न सक्ने पात्र मात्रै संसदीय राजनीतिमा तैरन र उद्देश्यअनुरुप अवतरण गर्न सक्दछन् । यसको निरन्तरतापछिका सरकार र तिनका मन्त्री तथा विभिन्न निकायका पदाधिकारीबाट दिएको पाइन्छ। यसका ज्वलन्त उदाहरण निजी क्षेत्रको विद्युत् खरिदमा अमेरिकी डलरमा राखिनु, कालीगण्डकी, मर्स्याङ्दी, चमेलिया र कुलेखानी तीन आयोजनाको लागत भेरिएसन हुन् । यस्तै झोले विद्यालयको विवाद, सोलु कोरिडोरको प्रसारण लाइनको ठेक्का, द्रुतमार्गको दीर्घकालीन निर्माण व्यवस्थापन करार, कर फर्स्यौट आयोग, कर तथा भन्सार नीतिमा परिवर्तन, गृह मन्त्रालयअन्तर्गतको गोप्य खर्च र सुडान मिसन नेपालको आधुनिक शासन प्रणालीका उदाहरण तथा माथिका भ्रष्टचारका सिलसिलाकै निरन्तरताका रुपमा रहेका छन् ।

संसदीय व्यवस्थामा सरकारको आर्थिक काम कारबाहीलाई बढी जिम्मेदार र जवाफदेही बनाउन सार्वजनिक लेखासमिति सालेसको व्यवस्था गरिएको हुन्छ । यसैगरी, सार्वजनिक पदमा बसेकाले प्रयोग गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समेत व्यवस्था गरिएको छ।

बोइङ बिक्री तथा धमिजा काण्डका बारेमा लेखासमिति अख्तियारले अत्तोपत्तो नपाइकनै कोइराला सरकारले काम फत्ते गरिसकेको थियो र मनमोहन सरकारले यसको पत्तो लगाएर सच्याउँदा त्यसको हानि वायुसेवाले आजीवन व्यहोर्नुपरेको छ। स्मरण रहोस् लेखा समितिको २०/२२ वर्षको इतिहासमा आधा समययता नेपाल वायुसेवाले एयर बसबाट सूचित मूल्यमा सिधै जहाज खरिदको प्रक्रिया थालनी गर्दासमेत समितिले लगभग एक वर्ष काममा अल्झाउने काम गऱ्यो। निगमका तत्कालीन तथा वर्तमान महाप्रबन्धकले जेल र वर्षौं लामो मुद्दा खेप्नुपऱ्यो । कति काण्ड तथा घोटालालाई यस्ता संस्थाले निगरानी तथा अध्ययनको घेरामा समेत पारेका छैनन्। राजनीतिक अस्थिरतासँगै अझ कति घोटलाहरु बढ्दै जाने निश्चित छ। पछिल्लो दशकमा काँग्रेस, एमाले र माओवादी केन्द्र आलो पालो र काले काले मिलेर खाम भालेको तरीकाले सत्ता चलाउँदा पनि काण्ड र भ्रष्टाचारका उत्तिकै घटनाहरु भोगाउनु लोकतन्त्रमाथिको ठुलो प्रश्न हो । भ्रष्टाचारका मुद्दाहरुमा काँग्रेस, एमाले, माओवादीका नेताहरु जेलमा सड्न पर्ने कुबुद्धिमा लाग्नु आफैँमा ती दलप्रति ब्याँग्य हो ।

# जाडोमा हिटर तथा गिजरको प्रयोग गर्दा गर्नुपर्ने सावधानी



- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने।
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नताप्ने।
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री नजिकै नराख्ने।
- आगो तापिसकेपछि त्यसलाई पूर्णरूपमा निभाउने।
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने।
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गर्ने।
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गर्ने।
- गिजर खोलेर लामो समयसम्म बाथरूममा नबस्ने।
- गिजर प्रयोग गरेर नुहाउँदा सम्भव भएसम्म बाथरूमको झ्याल बन्द नगर्ने।

# नेपालको भविष्य निर्माण गर्न युवा पुस्ता

**प्रशान्त पोखरेल**

काठमाडौँस्थित डिएभी कलेजमा २० डिसेम्बरमा आयोजित ग्लोबल युथ समिटमा सहभागी हुनु मेरो लागि अत्यन्तै समृद्ध र अर्थपूर्ण अनुभव रह्यो ।

नेपालसँग सम्बन्धित केही सबैभन्दा गतिशील र विचारशील युवा आवाजहरूसँग प्रत्यक्ष रूपमा संवाद गर्ने दुर्लभ अवसर यस कार्यक्रममा प्राप्त भयो । गैर-नाफामूलक अन्तर्राष्ट्रिय नेपाली समुदाय संस्था इन्स्टिच्युट अफ रुरल डेभलपमेन्ट (IRD) द्वारा आयोजित यस समिटले राष्ट्रिय सरोकारका विषयहरूलाई विश्वव्यापी अनुभवसँग जोड्दै सार्थक संवादको एउटा महत्वपूर्ण मञ्च प्रदान गऱ्यो ।

समिटको क्रममा भौतिकशास्त्र, गणित, कानुन, सार्वजनिक नीति, उद्यमशीलता तथा जलवायु अनुसन्धान जस्ता विविध क्षेत्रका वक्ताहरूको विचार सुन्ने अवसर प्राप्त भयो ।

एउटै मञ्चमा यति फरक-फरक दृष्टिकोणहरू सुन्दा नेपालसँग जोडिएको बौद्धिक क्षमताको व्यापकता स्पष्ट भयो र देशका जटिल चुनौतीहरू समाधान गर्न अन्तरविषयक सोँच कति आवश्यक छ भन्ने कुरा झन् प्रष्ट भयो ।

विशेष रूपमा प्रभाव पार्ने पक्ष भनेको क्यालिफोर्निया इन्स्टिच्युट अफ टेक्नोलोजी (Caltech), अक्सफोर्ड विश्वविद्यालय, म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (MIT), प्रिन्सटन विश्वविद्यालय, कोलम्बिया विश्वविद्यालय, स्ट्यानफोर्ड विश्वविद्यालय, जोन्स हप्किन्स विश्वविद्यालय, डार्टमाउथ कलेज र




छिङहुवा विश्वविद्यालयजस्ता विश्वप्रसिद्ध संस्थाहरूसँग आबद्ध विद्यार्थी तथा पेशेवरहरूको उपस्थिति थियो ।

विश्वस्तरको शिक्षा र करिअर भएता पनि नेपाल केन्द्रित मुद्दामा उनीहरूको सक्रिय सहभागिता देख्दा प्रेरणादायी मात्र नभई आश्वस्त पनि लाग्यो, किनकि यसले राष्ट्रप्रतिको गहिरो उत्तरदायित्व झल्काउँथ्यो ।

यस समिटले अन्तर्राष्ट्रिय अनुभवलाई नेपालको सामाजिक यथार्थसँग जोड्ने IRD को मूल दृष्टिकोणलाई जीवन्त रूपमा प्रस्तुत गऱ्यो । शैक्षिक उत्कृष्टताभन्दा बाहिर, छलफलहरूले मलाई एउटा महत्वपूर्ण तथ्य बुझ्न मद्दत गऱ्यो-नेपालमा प्रतिबद्ध व्यक्तिहरूको अभाव छैन । धेरै सहभागीहरू समुदायस्तरमा सक्रिय छन् र शान्त तर निरन्तररूपमा राष्ट्रिय विकासमा योगदान पुऱ्याइरहेका छन् । कार्यक्रमले अर्को महत्वपूर्ण सन्देश पनि प्रष्ट गऱ्यो । नेपाल अहिले निर्णायक मोडमा भएता पनि समाधान निराशावादमा होइन, आफ्नै क्षमताभित्र रहेर अर्थपूर्ण कदम चाल्नुमा निहित छ ।

समग्रमा, ग्लोबल युथ समिटमा सहभागिता मेरो लागि पुष्टि गर्ने अनुभव रह्यो, जसले नेपालको भविष्य निर्माण गर्न युवा पुस्तामा ज्ञानमा आधारित र कार्यमुखी समाधान प्रस्तुत गर्ने अपार सम्भावना छ भन्ने मेरो विश्वासलाई अझ बलियो बनायो ।

२० डिसेम्बर २०२५

# पूर्व खोलावासीले पाए घदैलोमै सेवा



पाल्पा। पालिकाले दिने अधिकांश सेवाहरू घरदैलोमै पाएपछि पाल्पाको पूर्वखोला गाउँपालिकाका नागरिकहरू खुसी भएका छन् । पूर्वखोला गाउँपालिकाले ६ वटै वडाका जनताको आवश्यकता, सहजता र पहुँचलाई केन्द्रमा राख्दै गाउँ बस्तीमा घुम्ती सेवा शिविर सञ्चालन गरेको हो ।

चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको क्रममा योजना सम्झौतादेखि बैंक खाता सञ्चालन, विभिन्न सामाजिक, आर्थिक र प्रशासनिक सेवाहरू पूर्वखोला गाउँपालिकाले गाउँ-गाउँमै पुगी उपलब्ध गराइएको छ । गाउँपालिकाको यो अभियानले आफूहरुलाई धेरै सजिलो भएको खर्च र समय बचत भएको वडा नं. २ जल्पाकी सीता दर्लामीले बताइन् । 'पालिकामा योजना सम्झौता गर्न जादाँ करीव ४ हजार रुपैया जति खर्च लाग्दथ्यो, गाडी रिजर्व गरेर नै वडाको योजना सम्झौता गर्न पालिका जानुपर्ने बाध्यता थियो, तर वडामै पालिकाले घुम्ती शिविर सञ्चालन गरेर आफूजस्ता उपभोक्ता समितिलाई ठुलो राहत मिलेको छ।' -उनले भनिन् ।

शिविरबाट ज्येष्ठ नागरिकहरु खुसी भएका छन् । अहिले अस्पतालमा उपचार गर्नदेखि पालिका पाउने सेवा सुविधा लिन, विभिन्न किसिमका छुट सुविधा लिन पनि ६० वर्ष उमेर पार गरेका व्यक्तिहरुलाई ज्येष्ठ नागरिक परिचय पत्र अनिवार्य हुँदै गएको छ । पालिका गएर घर फर्किन दिनभरी लाग्दछ, आफ्नै घर अगाडि शिविर चलेको थाहा पाएर परिचय पत्र बनाउन आएको ज्येष्ठ नागरिक रनबहादुर रखाल मगरले बताए । हामी पन्ध्र जना साथीहरु मिलेर ज्येष्ठ नागरिक परिचय पत्र बनाउन शिविरमा आएको रखालले जनाए ।

गाउँपालिकाले वडा-वडाको टोल बस्तीमा पुगी एकिकृत घुम्ती सेवामा योजना सम्झौता, बैंक खाता सञ्चालन, व्यवसाय दर्ता तथा नवीकरण, अपाङ्गता परिचयपत्र वितरण, जन्म-मृत्यु दर्तालगायतका पञ्जीकरण सेवा, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण, महिलाहरूको पाठेघर मुखको क्यान्सर परीक्षण, परिवार नियोजन सेवा, पशुपक्षी उपचार तथा औषधि वितरण, कृषि परामर्श र माटो परीक्षण, वैदेशिक रोजगार सम्बन्धी सेवा तथा परामर्श, घरजग्गा नक्सा पाससम्बन्धी अभिमुखीकरण, शैक्षिक परामर्श तथा अभिभावकविहीन बालबालिकालाई छात्रवृत्ति वितरणलगायतका सेवा प्रदान गरिएको पूर्वखोला गाउँपालिकाका प्रवक्ता मेहर सिंह थापाले बताए ।

घुम्ती शिविरमा ६ वटै वडाबाट ६५ वटा योजना सम्झौता भएको छ भने ६५ वटा बैंक उपभोक्ता समितिको बैक खाता सञ्चालन भएको छ । शिविरमा १७३ जनाले घरदैलोमै व्यवसाय दता गराएका छन् । २२२ जना जेष्ठ नागरिकले वडा कार्यालयबाटै जेष्ठ नागरिक परिचय बनाएका छन् । ९१ जना कृषकहरुले शिविरमा माटो परीक्षण गराए । ३६ जना अभिभावकविहीन बालबालिकालाई अन्य १ सय गरी १३६ जना बालबालिकाले शैक्षिक छात्रवृत्ति वितरण पाएका छन् । ५०८ घरधुरी कृषकका ८८९७ पशु पंक्षीहरुको लागि उपचार तथा औषधी वितरण गरिएको छ । यसैगरी स्वास्थ्यतर्फ ४४७ जनाले ओपीडी सेवा लिएका छन् भने ३९५ जनाले एचपीभी तथा डीएनए सेवा लिएका छन् । १६४ जनाले भिआइए सेवा लिएका छन् । १ जनाले आरएमजी सेवा पाएका छन् । भिआइएमध्ये ८ जना पोजिटिभ देखिएको प्राथमिक उपचार गरी अन्य अस्पतालमा रिफर भएका छन् । २१ जनाले परिवार नियोजनको इम्पलान्ट सेवा लिएका छन् । १२ जना पाठेघर खसेका बिरामीको उपचार भएको छ । घुम्ती शिविरबाट ४९ जनाले वैदेशिक रोजगारीका विषयमा परामर्श सेवा पाएको, ३ जनाले श्रम स्वीकृती पाएका छन् । २ जनाले अपाङ्गता परिचयपत्र पाएका छन् । ६ वटै वडामा संचालन भएको घुम्ती शिविरमा नागरिकको उत्साहजनक सहभागिता भएको पूर्वखोला गाउँपालिकाका सूचना अधिकारी मोहन प्रसाद ढकालले बताए ।

गाउँ-गाउँमा भएका सेवा प्रवाहमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतसँग प्रत्यक्ष भेटघाट गर्दै आफ्ना गुनासा, सुझाव र समस्या राख्न पाउने अवसर पाएको सेवाग्रही डोलराज विकले जनाए । स्थानीय सरकार जनताको घरदैलोको सरकार भएकोले पहुँचभन्दा टाढा बसेका जनताको लागी यस्ता घुम्ती शिविर राहत मिलेको छ । घुम्ती शिविरले जनताको समय, खर्च र झन्झट घटाएको छ भने पूर्वखोला गाउँपालिकाको सेवाप्रति जनतामा विश्वास पनि बढाएको छ । जतताको माग र आवश्यकतालाई ध्यानमा राखेर घुम्ती शिविर मार्तत पालिकाले सवै सेवा सुविधा एउटै छानमुनी उपलब्ध गराएको पालिका अध्यक्ष नुनबहादुर थापाले बताए ।

अधिकांश गाउँमा पुरुषहरु रोजगारीको लागि विदेशिएका छन् । गाउँका सामाजिक कामदेखि व्यवहारिक काममा महिला नै अग्रसर हुँदै आएका छन् । पालिकाका हरेक योजनामा महिला सहभागिता बढ्दै गएको छ । शिविरमा सबैभन्दा बढी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गले सेवा लिएको गाउँपालिका उपाध्यक्ष भागीरथी शर्मा भट्टराईले बताइन् ।

पालिकामा केन्द्रिकृत रहेको सेवालाई पूर्वखोला गाउँपालिकाले वडा, वडाको टोलबस्तीमा पुऱ्याएको छ । पालिकाको केन्द्रमा पाउने सबै किसिमका सेवाहरु आफ्नै गाउँ ठाउँमा पाएका छन् । गाउँपालिकाले वार्षिक रुपमा एक पटक र अन्य समयमा अवस्थाअनुसार एकीकृत घुम्ती शिविर सञ्चालन गर्दै आएको र जनताको मागमा आधारित भएर पालिकाले शिविरमा सेवाका प्रकृतिहरु विस्तार गर्दै लगिएको प्रमुख प्रशासकीय अधिकृत राजु नेपालले बताए ।

एकै स्थानमा बीस भन्दा बढी एकीकृत सेवा प्रवाह पाउँदा जनताहरु उत्साहित भएका छन् । जसको कारणले जनताको धेरै पैसाको बचत भएको छ भने एकै दिनमा सबै किसिमको सेवा सुविधा एउटै स्थानबाट पाउदा समयको पनि बचत भएको छ । पालिकामा मात्र सिमित रहेको सेवा गाउँ गाउँमा पुग्दा जनतामा सकारात्मक धारणा बढेको, वडा तथा पालिकाका योजना कार्यान्वयमा छिटो छरितो भएको, पालिका गएर सेवा लिदा धेरै पटक पालिका धाउनु पर्ने, वडावासीको हजारौ रुपैयाँ खर्च हुन्थ्यो, एकीकृत घुम्ती शिविरमार्फत् जनताले वडा कार्यालयबाटै पालिकाले दिने सबै किसिमका सेवा सुविधा पाएको वडा नं. २ का वडा अध्यक्ष निरबहादुर सारुले बताए ।

# लोसपा सिद्धार्थनगर समिति पुनर्गठन



भैरहवा । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको सिद्धार्थनगर नगरकार्यसमिति पुर्नगठनबाट बसिर मोहम्मद मुसलमानको अध्यक्षतामा नयाँ कार्य समिति चयन भएको छ ।

भैरहवामा भएको सिद्धार्थनगर नगरपालिका नगर कार्यसमिति पुनर्गठनबाट उपाध्यक्षमा सन्तोष वर्मा, मनिषा हरिजन र गणेश यादव रहेका छन् । सचिवमा सुनिल पाण्डे र मनोज यादव चयन भएका छन् । सह-सचिवमा गौतम हरिजन र सुनिल वर्मा तथा कोषाध्यक्षमा अजय वर्मालाई सर्वसम्मत चयन गरिएको छ ।

यस्तै सदस्यहरुमा अनिश समानी, दिलीप कोहार, ओमकार मौर्य, हरि प्रसाद मुराउ, रामप्रसाद गुप्ता, जमुना पाइजा, रजत कुमार बनियाँ, सुरज हलुवाई, सुदामा थारु, राजन कोहार, उमाशंकर धरिकार, पप्पु हलुवाई, वसिम खान, प्रेम कुमार शर्मा मनिसा कोहार, मोहम्मद इद्रिस, संत प्रसाद कुर्मी, बेचन चाई, निरज हरिजन, सुरज यादव सदस्य छन् ।

पुनर्गठन कार्यक्रममा बोल्दै लोकतान्त्रिक समाजवादी पार्टीका लुम्बिनी प्रदेश अध्यक्ष सन्तोष कुमार पाण्डेले नेतृत्वमा जान सबैले खोज्ने गरेको बताउदै लक्ष्य तय गरेर अगाडि बढ्न आग्रह गरे । उनले हिन्दुजम, बुद्धिजम र टुरिजमले देशको आर्थिक समृद्धि हुने बताउँदै सन्तुष्ट हुनु नै सफलता रहेको राष्ट्रलाई विकास गर्ने अवसर युवाले पाएको बताउदै युवाले सक्छ भन्ने आटका साथ अगाडि बढ्न आग्रह गरे । उनले युवापुस्ताको सक्रिय सहभागिताका लागि कमिटी पुनर्गठन गरिएको बताए ।

जिल्ला अध्यक्ष रवि रौनियारलगायतले बोल्दै सरकारले देशमा भ्रष्टाचार, कुशासन र विकास विरोधीलाई किनारा लगाउने काम युवाहरुको काधमा रहेको जनाए । जिल्लाका १६ वटै पालिकामा आवश्यकताअनुसार अधिवेशन र पुनर्गठन गरिरहेको बताउँदै उनले नयाँ कमिटिमा मिश्रित अवस्थामा युवाहरुमा उपस्थिति हुने बताए ।

कार्यक्रममा बोल्दै केन्द्रीय नेता सन्दिप त्रिपाठी, श्री निवास यादव, प्रदेशसभा सदस्य हेमा बेल्वासेलगायतले पार्टीले के दियो भन्दा पनि पार्टीलाई हामीले के दियौं भन्ने भावनाको विकास हुनुपर्ने, अधिकारको लागि सबै उकजुट भएर लड्नु पर्ने, युवा वर्गलाई जोडेर भएको पुनर्गठनले घर, राष्ट्र समाज र देश बनाउन सकिने बताए ।

उनीहरुले परिवर्तनका लागि देश जल्नु, सहिद हुनु दुःखद रहेको बताउँदै शान्तिपूर्ण आन्दोलन गर्नुपर्ने, चुस्त दुरुस्त समिति बनाउने र नगरपालिको गतिविधिमा सरिक हुने जनाए । आन्दोलन मात्रै गर्ने हो देश कहिले बनाउने प्रश्न गरे । स्थायित्व सरकार देशको लागि आवश्यक रहेको बताए ।

# Bardaghat Municipality
## Office of the Municipal Executive
**Bardaghat, Nawalparasi (Ba. Su. West), Lumbini Province, Nepal**

## INVITATION FOR BIDS (EBIDDINGONLY)

**Publication Date: 2026/01/04 (20th of Poush, 2082 BS)**

1.Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligible biddersfor the following work.

| S.N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/SQ/ Goods/ 20/082/083 | Supplying and installation of AC LED street light at Bardaghat Municipality ward no. 2, 6 and 16. | 45/75 days | 7,23,290.00 | 20,000 | 1,000 |
| 2 | BAR/SQ/ Works/21/ 082/083 | Construction of Shivalaya Temple, Bardaghat-09, Naudada | 45/75 days | 12,87,419.58 | 33,000 | 1,000 |

| Account No. for bid document purchase fee: | Account No. for bid security deposit: |
|---|---|
| Name of Bank: NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality, Bardaghat<br>Account Number (AntarikRajaswo): 0832050028211002 | Name of Bank: NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality, Bardaghat<br>Account Number (DharautiKhata): 8341498482524004 |
| **Deadline of bid submission** | **Date and time of bid opening** |
| 2026/01/20till 12:00 Noon | 2026/01/20at 1:00 PM |

2.Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407.

**Chief Administrative Officer**

# SATYAWATI RURAL MUNICIPALITY
## OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
**Johang, Gulmi**

## Invitation for Bids

(First date of Publication for S.N 3: 20thPoush 2082 (4thJan., 2026)

(Second date of Publication for S.N 1 and 2:20th Poush 2082 (4thJan., 2026)

1. Satyawati Rural Municipality, Gulmi has allocated funds towards Construction Works under sealed quotation (SQ).

| S.N. | Name of Works | Contract ID | Amount Excluding VAT and PS | Bid Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Construction of Kudhar-Karaha Road Satyawati Ward 3 | SRM/ROAD/W/ SQ/03-2082-083 | 11,89,151.48 | NRs. 1000 for Each Contract | 30,000.00 |
| 2 | Construction of Incomplete Health Hut at Hansara Ward no 5 | SRM/BUILDING/ W/SQ/04-2082-083 | 14,05,571.27 | | 40,000.00 |
| 3 | Construction of Health post Truss at Satyawati Rural Municipality Ward no 3 | SRM/Building/W/ SQ/05-2082-083 | 9,25,695.29 | | 25.000.00 |

Interested Eligible Bidder may obtain further Information from Satyawati Rural Municipality, Office of Rural Municipal Executive, Johang, Gulmi or may visit PPMO's e-GP system http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

**बुटवल...**

उनले बुटवल मण्डपमा पुसमा लाग्ने व्यापार मेलाका सन्दर्भमा मुख्य चार व्यवसायिक संस्थाबिच देखिएको विवाद आफ्नो कार्यकालमा समाधान भई हरेक वर्ष पालैपालो गर्ने सहमति जुटेको र यसमा बुटवल उप-महानगरले समन्वयकारी भूमिका खेलेको भन्दै धन्यावाद ज्ञापन गरे । उनले संघको सचिवालय भवनका लागि जग्गा व्यवस्थापनमा सहयोग गरिदिन उपमहानगरसँग आग्रह गरे ।

कार्यक्रममा बुटवल ११ का वडाध्यक्ष रामचन्द्र क्षेत्री, नेपाली कांग्रेस बुटवल नगर कार्यवाहक सभापति ज्योति भण्डारी, नेपाली कम्युनिष्ट पार्टी बुटवल संयोजक महेन्द्र भुसाल, एमाले नगर उपाध्यक्ष माधव खनाल, रास्वपा नगर सभापति राजन पाण्डे, नेपाल घरेलु तथा साना उद्योग महासंघ लुम्बिनी प्रदेश अध्यक्ष गणेश अधिकारी, नेपाल उद्योग व्यापार महासंघका केन्द्रीय सदस्य गोविन्दराज गैरे, संघका वरिष्ठ उपाध्यक्ष लोकनाथ पन्थी, उद्योग उपाध्यक्ष पदम जीसी, महासचिव यमलाल मरासिनी, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, युवराज पराजुलीलगायतले बोल्दै जेन जी विद्रोहपछि खस्केको निजी क्षेत्रको मनोबल माथि उठाउन सरकारले विशेष नीति, योजना र कार्यक्रम बनाउनुपर्ने बताए ।

आर्थिक पत्रकारिता पुरस्कार भुसाललाई

साधारणसभाका अवसरमा उद्योग व्यापार संघ बुटवलले उत्कृष्ट आर्थिक पत्रकारिता पुरस्कार पत्रकार यमलाल भुसाललाई प्रदान गरेको छ । ३० वर्षदेखि बुटवलमा क्रियाशील पत्रकार भुसाललाई नगद २७ हजार ५ सय रुपैयाँ र प्रमाणपत्र प्रदान गरिएको छ । भुसाल राज्य टिभीका समाचार प्रमुख हुन् । यो पुरस्कार हरेक दुई वर्षमा वितरण गरिने छ । संघका संस्थापक अध्यक्ष खिमनारायण पराजुली संयोजक रहेको मूल्यांकन समितिले भुसाललाई पुरस्कृत र अन्य तीनजनालाई सम्मान गर्ने निर्णय गरेको थियो ।

यस्तै अग्रज पत्रकारहरु डा. बालकृष्ण चापागाईं, दामोदर खनाल र यानेन्द्र जीसीलाई कदरपत्रले सम्मान गरिएको छ । यस्तै संघले व्यवसायी मदनकुमार पुन, बसन्तप्रताप सेन र विष्णुप्रसाद भण्डारीलाई उत्कृष्ट अग्रज व्यवसायीका रुपमा सम्मान गरेको छ ।

**डिभिजन वन कार्यालय, कपिलबस्तु, (कपिलबस्तु), तौलिहवा**

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

तेश्रो चौथो पटक सूचना प्रकाशन मितिः २०८२।०९।२०

तिलौराकोट साझेदारी वनबाट आ.व. २०८१/०८२ मा ढलापडा तथा पुनरुत्पादन कटानबाट उत्पादन भई सरकारको भागमा परेका गोरुसिङ्गे / चेतरादेइ सव डिभिजन वन कार्यालय परिसरमा घाटगद्दी भएका साल, असना, अन्य जातको काठ थान १५९९ को ७६३१.७० क्यु. फि. बुटवल गोरुसिङ्गे चन्द्रौटा सडक योजनाको राइट अफ वे मा परेका रुख कटान हुँदा उत्पादन भएका साल, असना, अन्य जातको काठ थान १९२६ को ७३३८.६५ र तिलौराकोट साझेदारी वनबाट २०७९/०८० मा उत्पादित साल, असना, अन्य जातको काठ थान २६५० को ७६८४.९८ क्यु. फि. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सुचिकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र वन निर्देशनालय, बुटवल वा यस कार्यालयबाट बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र १६ (सोहौं ) औं दिनको अपरान्ह २:०० बजे भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरिएकै स्थान र निकायमा दाखिला गर्न आव्हान गरिन्छ। बिस्तृत सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको गरिएको छ।

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# 'सुनौलीदेखि काठमाडौंसम्म दलालको सेटिङ छ'

बुटवल निवासी व्यवसायी लोकराज पोखरेल अहिले नेपाल ट्रक यातायात व्यवसायी महासंघको वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ । पश्चिमाञ्चल यातायात व्यवसायी संघको कोषाध्यक्ष, वरिष्ठ उपाध्यक्ष हुँदै दुई कार्यकाल अध्यक्ष भई सफल नेतृत्व गर्नुभएको छ । ट्रक व्यवसायीहरू धमाधम पलायन भइरहेका बेला उहाँ व्यवसायीलाई टिक्ने वातावरण बनाउन लाग्नुपर्ने बताउँनुहुन्छ । 'नेपालका ३२ ट्रक व्यवसायी संस्था आबद्ध नेपाल ट्रक यातायात व्यवसायी महासंघको आगामी महाधिवेशनमा अध्यक्षमा उम्मेदवारी दिन शुभेच्छुकले आग्रह गरिरहेका छन् । सल्लाह गर्दैछु, सबैसँग सल्लाह गरेर नै निर्णयमा पुग्छु ।'–उहाँले भन्नुभयो ।



**लोकराज पोखरेल**
**वरिष्ठ उपाध्यक्ष**
**नेपाल ट्रक यातायात व्यवसायी महासंघ**

*» ट्रक व्यवसायीको अवस्था कस्तो छ ?*

नेपालमा ट्रक व्यवसायको अवस्था आशा लाग्दो छैन । लामो समयदेखि यो व्यवसायमा लागेका व्यवसायी धमाधम पलायन भइरहेका छन् । व्यवसायी व्यवसायमा टिक्नै नसक्ने अवस्थामा छन् । भारतीय ट्रकका कारण व्यवसायी मारमा छन् । भारतीय ट्रकको दबदबा छ ।

भारतीय ट्रक ७२ घण्टा निर्बाध रूपमा गुड्न पाउँछन् । उनीहरूले ओभरलोड बोक्दा समेत कुनै कारबाही हुँदैन । भारतमा गाडीको मूल्य सस्तो छ । भारतमाभन्दा तीन गुणा महँगो छ, यहाँ गाडीको मूल्य । धेरै मूल्यमा किनेको वस्तुले सस्तो मूल्यमा किनेको वस्तुले दिने सेवाभन्दा सस्तो हुने नै भयो । भारतीय ट्रकसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाले नेपालमा ट्रक व्यवसायबाट व्यवसायी पलायन भइरहेका छन् ।

*» यो समस्याका बारेमा तपाईंहरूले लामो समयदेखि सरकारको ध्यानाकर्षण गराइरहनु भएको छ, व्यवसायी पलायन हुन लाग्दा समेत सरकारले समस्या सुनेन् ?*

हामीले धेरै पहिलेदेखि भारतीय ट्रक निर्वाध चल्दा हामी समस्यामा पर्‍यौं । ओभरलोडले पनि हामीलाई समस्या भयो । ओभरलोड समस्याको असर व्यवसायीलाई मात्रै होइन्, नेपालको सडकको आयु अनपेक्षित ढंगले घटिरहेको छ । सरकारले समस्या समाधान गर्न ध्यान दिएन् ।

सडकमा ट्रक बढी चल्न थालेको सात वर्ष भयो । दिन प्रतिदिन बढ्दो छ । हामीले भैरहवा नाकाबाट भारतीय ट्रक मनपरी आउन कडाइ गर्‍यौं भने वीरगञ्जबाट आउँछन् । उता कडाइ भयो, अर्कै नाका प्रयोग गर्छन् । सस्तोमा सामान बोक्ने भारतीय ट्रकले नाका बदलीरहन्छन् ।

उनीहरूलाई माथिल्लो तहबाट नै संरक्षण भएको छ । सुनौलीबाट काठमाडौंसम्म नै दलालको सेटिङ छ । सुनौली नाकाबाट ट्रक छिर्दै गर्दा दलाल चढेर काठमाडौं पुग्छ, बाटोमा आउने सबै समस्या समाधान उसैले गरिदिन्छ । पुलिस, प्रशासनबाट आउनले झमेला उसैले समाधान गरिदिन्छ । त्यसबापत दलालले भारतीय गाडीबाट मासिक पैसा लिन्छन् । ओभरलोड बोक्ने भारतीय गाडीलाई छुट लिने राज्यका निकाय पनि उनीहरूकै धन्दामा संलग्न छन् ।

*» तपाईंले सेटिङको कुरा गर्नुभयो, तोड्न सकिंदैन् ?*

भारतीय ट्रक व्यवसायी, दलाल, प्रहरी प्रशासनबिचको सेटिङ तोड्न सकिन्छ । इमान्दारिता चाहिन्छ । इमान्दारिताको खडेरी परेको समाजमा कसरी सकिन्छ ? ओभरलोड बोक्ने भारतीय गाडीका कारण नेपाली व्यवसायीलाई मात्रै नोक्सान भएको छैन, मुलुकको सडक छियाछिया भएको छ, देशप्रतिको माया हुनुपर्‍यो नि । पैसा पाए जे पनि गर्न तयार हुने जमातका सामु सेटिङ तोड्न कठिन छ, तर प्रयास छाड्न हुन्न । हाम्रो इमान्दार प्रयास निरन्तर जारी छ, हामी खबरदारी गरिरहेका छौं । समाजमा कुनै बेला यो समस्याको समाधान हुन सक्ला नि, हामी निराश नभई अघि बढ्छौं ।

*» ओभरलोडबारे अझै प्रष्ट पारिदिनुस् है ?*

नेपालमा ओभरलोड बोक्ने गाडीलाई कडाइ भएन । जरिवाना काटेर उनीहरूलाई बोक्ने छुट दिइएको छ । जरिवाना २ हजारसम्म काटिन्छ, तर अलि धेरै ओभरलोड बोकेपछि २ हजार जरिवाना तिर्न पुग्ने पैसा पुगिहाल्छ नि । ६ चक्के ट्रकले १० टन, १० चक्के ट्रकले १७ टन र १२ चक्के ट्रकले २१ टन बोक्न पाउँछन् । तर एउटा ट्रकले ५ देखि १० टन बढी बोक्छन् ।

*» भारतीय ट्रकले सस्तोमा सामान बोक्छन् भन्नुभयो, कति सस्तो बोक्छन् ?*

नेपालमा ट्रक ढुवानीको भाडा तोकिएको छ । भैरहवादेखि काठमाडौंसम्मको १० टन भाडा ३३ हजार तोकिएको छ । तर अहिले ट्रक २८/२९ हजारमा काठमाडौं गइरहेका छन् । अस्वस्थ प्रतिस्पर्धाले व्यवसायी मारमा छन् । भारतीय ट्रकको मूल्य सस्तो भएकाले स्वभाविक रूपमा योभन्दा सस्तो हुने भयो । अझै उनीहरूले ओभरलोड बोक्ने भएकाले सस्तोमा बोक्न सक्ने भए ।

*» ओभरलोड नियन्त्रणको सूत्र के लाग्छ तपाईंलाई ?*

मुल विषय इमान्दारिता हो । इमान्दार प्रयास विना सम्भव छैन । धर्मकाँटा निर्देशिका–२०७४ लाई पूर्ण रूपमा कार्यान्वयन गर्ने हो भने समस्या समाधान हुन्छ । सेटिङ गर्नेलाई कारबाही गर्ने हो भने पनि सेटिङ तोड्न सकिन्छ ।

*» ट्रक पार्किङ्स्थलको समस्या कस्तो छ ?*

सरकारले बसपार्क बनाउन प्राथमिकता दिन्छ, तर ट्रक पार्किङ्स्थल बनाउन पटक्कै चासो दिँदैन । सरकारको प्राथमिकता नै नपरेपछि ट्रक पार्किङ्मा समस्या छ । मनपरी पार्किङ् गर्नुको विकल्प छैन । काठमाडौंमा झनै ठूलो समस्या छ । मुख्य शहरमा ट्रक पार्किङ्स्थल निर्माणलाई राज्यले प्राथमिकता राख्नुपर्छ ।

*» तपाईंहरूको महाधिवेशन आउँदैछ, आगामी नेतृत्वको बारेमा तपाई के सोंच्दै हुनुहुन्छ ?*

यही पुष २६ र २७ गते महाधिवेशन हुँदैछ । अहिले वरिष्ठ उपाध्यक्ष छु, यो मेरो दोस्रो कार्यकाल हो । अब अध्यक्षका लागि पहलकदमी लिनुपर्छ भन्ने शुभेच्छुक भनिरहेका छन्, साथीहरूसँग सल्लाह गर्दैछु । छिट्टै अध्यक्षमा उम्मेदवारी दिने वा नदिने निर्णयमा पुग्छु ।

# गुल्मीमा चरा प्रजातिको संख्या ३५५ पुग्यो

गुल्मी । थप ३० नयाँ प्रजातिको चरा फेला परेसँगै हालसम्म जिल्लामा प्राप्त चरा प्रजातिहरुको संख्या जम्मा ३५५ पुगेको छ । नेपाल पन्छी संरक्षण सङ्घले जिल्लामा हालै गरेको चरा गणनामा थप ३० नयाँ प्रजातिको चरा फेला परेका हुन् ।

जिल्लाको रेसुङ्गा, मदाने र थाप्ले सत्यवतीको वन संरक्षण क्षेत्रमा गरिएको चरा सर्वेक्षणमा उक्त चराहरु फेला परेको नेपाल पन्छी संरक्षण सङ्घ गुल्मीका परियोजना अधिकृत शम्भु भट्टराईले जानकारी दिए । सर्वेक्षणको क्रममा रेसुङ्गा वन संरक्षण क्षेत्र, मदाने वन संरक्षण क्षेत्र र थाप्ले सत्यवती वन संरक्षण क्षेत्रमा नयाँ २५ प्रजातिका चराहरु फेला परेको परियोजना अधिकृत भट्टराईले बताए ।

यसअघि रेसुङ्गा र मदाने वन संरक्षित क्षेत्रमा वर्षमा दुई पटक चरा सर्वेक्षण गरिँदै आएकामा यस पटकको सर्वेक्षणमा थाप्ले सत्यवती वन संरक्षण क्षेत्रमा पनि चरा सर्वेक्षण गरिएको थियो । नयाँ फेला परेका चराका प्रजातिहरुमा तिलहरी, मोटो ठूँडे पुष्प कोकिला, उमाचाँचर, तिबिल्चे, मुरालिडे ढिकुरे भ्याकुर, निलो लघुपंख, हटचुर चाँचर, हलीमुख, सिम कुखुरालगायत रहेको जनाइएको छ ।

विश्वमा पाइने दुर्लभ चराहरुमध्ये गुल्मीमा छ प्रजातिका चराहरु पाइन्छन् । ती चराहरुमा रेसुङ्गा वन संरक्षित क्षेत्रमा चिरकालीज, रणमत्त महाचिल, डङ्गर गिद्द, सेतो गिद्द, सुन गिद्द र गोमायो माहाचिल छन् । काँडे भ्याकुर रेसुङ्गा, मदाने र थाप्ले सत्यवती वन क्षेत्रमा रेकर्ड गरिएको छ ।

नेपालमा पाइने ९०३ प्रजातिका चरामध्ये गुल्मीमा करिब ४० प्रतिशत चरा फेला परेको नेपाल पन्छी संरक्षण सङ्घले जनाएको छ । सङ्घले विभिन्न समयमा गरेको पन्छी सर्वेक्षण अनुसार रेसुङ्गा वन क्षेत्रमा २७६ प्रजाति र मदाने वन संरक्षण क्षेत्रमा २८९ प्रजाति र थाप्ले सत्यवती वन संरक्षण क्षेत्रमा १९६ प्रजातिका चरा फेला परेका छन् ।

तीन वटै वन संरक्षण क्षेत्रमा गरिएको पछिल्लो सर्वेक्षणअनुसार जम्मा ३५५ प्रजातिका चराहरुको तथ्याङ्क अभिलेख गरिएको छ ।

सङ्घले वन क्षेत्रसँग जोडिएका स्थानीयवासीहरुलाई वन जङ्गलको संरक्षण र सम्वर्द्धनसँगै जीविकोपार्जनमा टेवा पुर्‍याउने कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । जिल्लामा चरा पर्यापर्यटनको प्रचुर सम्भावना रहेको रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले बताए ।

रूपन्देही जिल्लास्तरीय स्नूकर :

# कुडल, रूकु, कशिस र अजय सेमिफाइनलमा







बुटवल । बुटवलमा जारी जिल्लास्तरीय खुल्ला स्नूकर प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ ।

बुटवलस्थित खस्यौली स्नूकर क्लबमा शनिबार बेस्ट अफ सेभेनका आधारमा भएका खेलमा विजयी हुँदै कुडल श्रेष्ठ, रुकु खान, कशिस क्षेत्री र अजय सुनार सेमिफाइनल प्रवेश गरेका हुन् ।

नेपाल बिलियर्ड्र्स पुल तथा स्नूकर संघ रूपन्देहीको आयोजनामा पुस १४ देखि जारी नवौं जिल्लास्तरीय खुल्ला स्नूकर प्रतियोगितामा जिल्लाका १ सय २८ जना खेलाडीले प्रतिस्पर्धा गरेका छन् ।

शनिबारका खेलमा आदर्श भण्डारीलाई ४-२ अंकले पछि पार्दै कुडल अन्तिम ४ जनामा सुरक्षित भएका हुन् । यस्तै सौरभ श्रेष्ठलाई ४-३ अंकले पछि पार्दै रुकुले सेमिफाइनलमा स्थान पक्का गरे । शनिबारै भएको अर्को खेलमा रोहितमान जोशीलाई ४-२ अंकले पराजित गर्दै कशिस र रेशम रानालाई ४-१ अंकले पछि पार्दै अजय सेमिफाइनल प्रवेश गरेका खेल संयोजक विजय गुरुङले जानकारी दिए ।

सेमिफाइनलमा कुडल र रुकु तथा कशिस र अजयबिच फाइनल प्रवेशका लागि आइतबार प्रतिस्पर्धा हुने छ ।

पुस २१ गतेसम्म चल्ने प्रतियोगिताको विजेताले एक लाख, उप-विजेताले ५० हजार तथा हाइएस्ट स्कोरले २० हजार, उदियमान खेलाडी र अनुशासित खेलाडीले ५/५ हजार र स्नूकर स्टीक प्राप्त गर्ने संघका अध्यक्ष सुजन पुनले जानकारी दिए ।

# प्रेरणा परियोजनाले हर्दीका महिलामा परिवर्तन



**केशव पराजुली**
*नवलपरासी*

पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका ५ हर्दी भारतीय सीमासँग जोडिएको गाउँपालिका हो । हर्दीका महिलाहरु गर्भवती भएपछि स्वास्थ्य चौकीमा जाँच गराउन नजाने र घरमै सुत्केरी हुने गर्दथे । निकै पछाडि परेको हर्दी गाउँका महिलालाई समेटेर इन्द्रेणी सामाजिक विकास मञ्चले फेयरमेड नेपालको साझेदारीमा सञ्चालित प्रेरणा परियोजना सुरु गरेपछि हर्दीका महिलामा परिर्वतन आएको छ ।

प्रेरणा परिजनाको सहजीकरणमा स्वास्थ्य आमा समूह गठन गरेर सामाजिक रुपान्तरणको काम सुरु गरेर महिलाहरुलाई स्वास्थ्य र सरसफाइका बारेमा जानकारी गराएपछि हर्दीका महिलाहरुमा परिर्वतन आएको हो । २५ जनाको स्वास्थ्य आमा समूह गठन गरेर समूहका महिलाहरुले अहिले आएर गाउँ, टोलको सरसफाइ गर्ने, गर्भवतीहरुलाई स्वास्थ्य संस्थामा चेक जाँचका लागि पठाउने र घरमा सुत्केरी गराउने कामको अन्त्य नै गराएको समूहकी सचिव किरण कोहारले बताइन् । उनका अनुसार समूहको मासिक बैठक बस्ने र बचत समेत जम्मा गरेर समस्यामा परेका महिलाहरुलाई सहयोग गर्ने काम समेत सुरु भएको छ ।

समूहले मासिक २५ रुपैयाँ उठाउने गरेका छन् । समूहकी सचिव किरणका श्रीमान वैदेशिक रोजगारीमा गएका छन् । रुपन्देहीको छपीया आफ्नो माइती भएको र आफूले अहिले सिभिल इञ्जिनियरिङ्ग गरेर घरमै लोकसेवाको तयारी गरेको बताइन् । उनले विवाह भएर आफू गर्भवती हुँदा आइरन चक्की खाँदा उल्टी भएपछि आइरन चक्की खान छाडेकोमा प्रेरणा परियोजना गाउँमा आएपछि स्वास्थ्यका बारेमा धेरै कुरा बुझेको र आइरन चक्की खान सुरु गरेको जनाइन् ।

इन्द्रेणी सामाजिक विकास मञ्चले फेयरमेड नेपालको साझेदारीमा सञ्चालित प्रेरणा परियोजनाले स्वास्थ्य र सरसफाइका बारेमा जानकारी दिने भए पनि अन्य सहयोग नदिएको समूहकी अम्द्रता चौधरीले बताइन् ।

आफ्नो समूहको बैठक समेत समूहका सदस्यको घरमा बस्ने गरेको समूहकी सदस्य पुनम बनियाँ बताउँछिन् । उनका अनुसार गाउँपालिकाले समूहलाई कुनै सहयोग गरेको छैन ।

इन्द्रेणी सामाजिक विकास मञ्चले फेयरमेड नेपालको साझेदारीमा सञ्चालित प्रेरणा परियोजनाको सल्लाहकार समितिको अनुगमनका क्रममा आमा समूहका सदस्यहरुले समूहका लागि बैठक बस्दा खाजा, बैठक बस्न र अन्य गतिविधि गर्न भवनको माग समेत गरेका छन् । इन्द्रेणी सामाजिक विकास मञ्चले फेयरमेड नेपालको साझेदारीमा सञ्चालित प्रेरणा परियोजना २०१९ देखि २५ सम्म र २०२५ दे २०२८ सम्म नवलपरासीका सात वटै स्थानीय तहमा स्वास्थ्य प्रणाली सुद्धढीकरण, उपेक्षित उष्णप्रदेशीय रोगहरु र मातृ तथा नवजात शिशु स्वास्थ्य, खानेपानी र अपाङ्गताका क्षेत्रमा काम गर्दै आएको छ ।

# भिजन लुम्बिनीको साधारणसभा सम्पन्न




बुटवल । भिजन लुम्बिनी लिमिटेडले बोनस शेयर वितरण गर्ने निर्णय पास गर्दै साधारणसभा सम्पन्न गरेको छ । बुटवलमा शनिबार आयोजित दशौं वार्षिक साधारणसभामा प्रस्तावित १०.५२६२ प्रतिशत लाभांश वितरण गर्ने निर्णय पारित भएको हो ।

कम्पनीका अध्यक्ष जगतबहादुर पोखरेलले कम्पनीको चुक्ता पुँजीको १० प्रतिशत, करबाहेकले हुन आउने लाभांश बोनस शेयर र कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश गरी जम्मा १०.५२६२ प्रतिशत लाभांश वितरण गर्ने निर्णय प्रस्ताव पारित भएको जानकारी दिए । पोखरेल प्रस्ताव गरेको कम्पनीले जारी पूँजीका २० प्रतिशत शेयर सर्बसाधारणका लागि शेयरको प्राथमिक सार्वजनिक निश्कासन (आइपीओ)जारी गर्ने प्रस्ताव समेत पारित भएको छ ।

सो अवसरमा बोल्दै पोखरेलले कम्पनीले उर्जा तथा जलस्रोतमा लगानी बढाएको जानकारी दिँदै पोखरामा २५ मेगावाटको सेती नदी जलविद्युत् आयोजना सञ्चालनमा आएको बताए । त्यस्तै उनले कास्कीमा ३१ मेगावाटको बज्रामादी जलविद्युत निर्माणाधिन अवस्थामा रहेको जानकारी दिए ।

अध्यक्ष पोखरेलले पाल्पाको तिनाउ गाउँपालिकामा ३.४४ मेगावाटको तिनाउ खोला साना जलविद्युत् आयोजना निर्माण थाल्ने तयारीमा रहेको समेत जानकारी दिँदै अब भिजन नेपाल लिमिटेड मार्फत् देशभर समृद्धिको यात्रा तीव्र पारिएको जनाए ।

उनले सामूहिक लगानी र समृद्धिका लागि इको टुरिजम, अर्थ तथा वित्त, स्वास्थ्य, हस्पिटल, इन्स्योरेन्स, ब्रोकर, यातायात,जग्गालगायतका क्षेत्रमा लगानी गरिरहेको र लगानीको प्रतिफल दिने उल्लेख गरे ।

सञ्चालकहरु कुलबहादुर केसी, राजिब गौतम, सल्लाहकार इञ्जिनियर लेखनाथ पाण्डेय, कृष्णकुमार श्रेष्ठ, उर्जाका अध्यक्ष सुदिपसिंह अधिकारी, भिजन नेपालको सञ्चालक विनोद अधिकारी,बज्रामादीका सञ्चालक दिपेन्द्र ढकाल, हाँस्य कलाकार जितु नेपाल, जेसीजका अध्यक्ष जीवन कार्कीलगायतले बोलेका थिए ।

साधारणसभाका अवसरमा हाँस्य कलाकार जितु नेपाल, तथा जेसीजका अध्यक्ष जीवन कार्कीलगायतलाई सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन कानुनी सल्लाहकार रामप्रसाद खनालले गरेका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com